# कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम प्रकाशित
# शिवम् सिमेन्ट्स लिमिटेडको विशेष साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

**१) सभाको बैधानिकताः** कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनी सञ्चालक समितिको मितिः २०७९।०४।२३ गते बसेको १०५ औं बैठकको निर्णय अनुसार बोलाइएको यस शिवम सिमेन्ट्स लिमिटेडको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्र कुमार गोयलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विशेष प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरी सम्पन्न भयो। विशेष साधारण सभाको कामकारवाहीको विवरण देहाय बमोजिम रहेका छन :

**२) सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल भाद्र १० गते शुक्रबार तदनुसार (२६ अगष्ट २०२२)
स्थान : कम्पनीको कार्यालय सभाहल, अनामनगर, काठमाडौं।
समय : विहान ११ : ०० बजे।

**३) सभाको सूचनाः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको विशेष साधारण सभाको सूचना तथा छलफल गरिने विशेष प्रस्तावहरु सहितको विवरण र सञ्चालक समितिको प्रतिवेदन समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मितिः २०७९।०४।२४ गतेको आर्थिक दैनिक र मितिः २०७९।०४।२५ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचि सहितको सूचना शेयरधनी महानुभावहरुमा जानकारीका लागि प्रकाशित गरिएको थियो।

**४) छलफलको विषय तथा विशेष प्रस्तावहरू :**

**विशेष प्रस्तावहरू :**

**(क) प्रबन्ध पत्र तर्फः**

(१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ६ को खण्ड (ग) लाई संशोधन गर्ने र खण्ड (घ) लाई संशोधन गरी हटाउने।

**(ख) नियमावली तर्फः**

(१) कम्पनीको स्वीकृत नियमावलीको नियम नं. २३ गणपुरक संख्या कुल शेयर संख्याको ६७ प्रतिशत रहेकोलाई संशोधन गरी ५१ प्रतिशत कायम गर्ने।

(२) कम्पनीको नियमावलीको नियम नं. २५ को उप नियम (५) संशोधन गरी विशेषज्ञ संचालकको मनोनयन र अन्य संचालकहरुको निर्वाचन गर्ने सम्बन्धि व्यवस्था कायम गर्ने।

(३) स्वीकृत नियमावलीको नियम नं. २७ को उप नियम (२) संचालक संख्या स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक सहित ७ सात जनाको हुनेछ भन्ने व्यवस्थालाई संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना र शेयरधनीहरुबाट निर्वाचित वा मनोनित ५ जना सहित ६ जनाको संचालक समिति हुनेछ भन्ने व्यवस्था कायम गर्ने।

(४) नियमावलीको नियम नं. २९ संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना संचालक समितिले नियुक्त गर्नेछ भन्ने व्यवस्था कायम गर्ने।

(५) नियमावलीको नियम नं. ३१ संशोधन गरी संचालकहरुको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरिनेछ भन्ने व्यवस्था कायम गर्ने।

**(ग) विविध।**

**५) उपस्थितीः**

**(क) सञ्चालकहरूः**

| | |
|---|---|
| (१) डा. ई. श्री सुरेन्द्र कुमार गोयल | सञ्चालक अध्यक्ष र सभाका सभापति |
| (२) श्री रघुनन्दन मारु | सञ्चालक |
| (३) श्री रोहित गुप्ता | सञ्चालक |
| (४) श्री अलका गोयल | सञ्चालक |
| (५) श्री गौरव शारदा | सञ्चालक |

**(ख) आमन्त्रित अतिथीको उपस्थिती :**

(१) कम्पनी रजिष्ट्रारको कार्यालयका सहायक रजिष्ट्रार श्री विष्णु प्रसाद पौडेल

**(ग) सहायक कम्पनी शिवम् होल्डिङ्ग्स लिमिटेड र एस. सि. एल. इन्भेष्मेण्टका सञ्चालकहरुको उपस्थिती :**

(१) श्री सतिस कुमार मोर

**(घ) कम्पनीका अन्य पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| (१) श्री लेखनाथ अर्याल | कम्पनी सचिव |
| (२) श्री नवल किशोर चौधरी | महाप्रबन्धक (प्लाण्ट) |
| (३) श्री ज्योति थापा | वित्त तथा लेखा प्रमुख |
| (४) श्री कान्तु प्रसाद रिजाल | प्रमुख (सेल्स एण्ड मार्केटिंग) |
| (५) श्री रामजी प्रसाद चौरसिया | प्रमुख (माइन्स) |
| (६) श्री निखिल अग्रवाल | प्रमुख (प्रोजेक्ट सेल्स एण्ड ईभेण्ट्स) |

**(ङ) शेयरधनीहरुको उपस्थितिः**

जम्मा उपस्थित सख्याः १०५ जना।
भौतिक उपस्थिती ९० जना र ZOOM Virtual प्रविधि मार्फत उपस्थिती : १५ जना।

**६) गणपुरक संख्या :**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनीहरुको संख्या | ४८००७ जना | १०५ जना | ७३ .२४५ प्रतिशत (त्रिहत्तर दशमलव दुई चार पाँच प्रतिशत)। |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४,४०,००,००० | ३,२२,२७,९६४ | |

**७) सभाको बैधानिकता र सभाको अध्यक्षताः**

(क) कम्पनीको नियमावलीको नियम नं. २३ बमोजिम कूल शेयरधनीहरु मध्ये ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा सात जना शेयरधनीहरु स्वयम् वा प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाका लागि गणपुरक संख्या पुगेको मानिनेछ भन्ने प्रावधान रहेको, यस विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने (स्वयम र प्रतिनिधि मार्फत) र ZOOM Vertual प्रविधि मार्फत समेत गरी शेयरधनीहरुको १०५ जना उपस्थित हुनु भएको र कूल शेयरको ७३।२४५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले विशेष साधारण सभाको गणपुरक सँख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको व्यहोरा सभालाई जानकारी गराउनु भएको।

(ख) कम्पनी सचिवले शेयरधनी महानुभवहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित सञ्चालकहरु, सहायक कम्पनीका सञ्चालकहरु, कम्पनी रजिष्ट्रारको कार्यालयबाट पाल्नु भएका सहायक रजिष्ट्रारज्यू, महाप्रबन्धक तथा विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएका अधिकृतहरुको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडी बढाउनु भयो।

(ग) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको विशेष साधारण सभा शुरु गर्न अध्यक्ष श्री सुरेन्द्र कुमार गोयललाई कम्पनी सचिवले अनुरोध गर्नु भयो।

**८). प्रतिवेदनको प्रस्तुती :**

सभाका अध्यक्षले अध्यक्षता ग्रहण गर्दै औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्दै विशेष प्रस्तावहरु छलफल गरी पारित गरीदिन अनुरोध गर्दै अध्यक्षले विशेष साधारण सभामा आफ्नो मन्तव्य सहित पढेर सुनाउनु भयो।

**९) छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभवहरू :**

**(क)** तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रतिवेदन तथा छलफलका लागि निर्धारित विशेष प्रस्तावहरु माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो। देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो।

**(ख) छलफलमा सहभागि हुने शेयरधनी महानुभावहरुको नाम :**

| | |
|---|---|
| (१) श्री चन्द्र नारायण श्रेष्ठ | (२) श्री डम्मरु वल्लभ घिमिरे |
| (३) श्री गुणराज भट्ट | (४) श्री कृष्ण प्रसाद अधिकारी |
| (५) श्री शत्रुघ्न श्रेष्ठ | (६) श्री अशोक उप्रेती |
| (७) श्री शिव प्रसाद पौडेल | |

**१०) छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांशः**

कम्पनीले प्रस्ताव गरे बमोजिमको प्रबन्ध पत्रको दफा ६ को खण्ड (ग) र (घ) संशोधन तथा नियमावलीका नियम नं. हरु क्रमशः २३, २५ को (५), २७ को (२) , २९ र ३१ संशोधन गर्नु पर्नाको कारण समेत संचालक समितिको बैठकको निर्णय बमोजिम विशेष प्रस्तावको रुपमा सभा समक्ष प्रस्तुत गरिएका विशेष प्रस्तावहरु समसमयिक रहेको, संचालक संख्या घटाउने प्रस्ताव अन्तयन्त उपयुक्त रहेको हुंदा ति सबै विशेष प्रस्तावहरु प्रति समर्थन रहेकोले पारित गर्नु पर्दछ भनी राय सुझाव व्यक्त भयो। साथै कम्पनीको आ. व. २०७८।०७९ को बार्षिक साधारण सभा समेत समय मै गर्नु पर्ने र हुने अपेक्षा गर्दै वोनस शेयर वितरण गर्नु पर्दछ भन्नुका साथै गत वर्ष कम्पनीको नाफा घट्नुको कारणलाई मध्यनजर गरी आउने दिनहरुमा मुनाफा बृद्धि गर्ने गरी कार्य गर्न संचालक समिति र कम्पनीका पदाधिकारीहरुलाई अनुरोध गर्दै सकारात्मक धारणा राख्दै कम्पनीको प्रगतिको कामना समेत गर्नु भयो। त्यसै गरी संचालक समितिको संख्या ७ जनाबाट घटाई ६ जनाको कायम गर्दा कुनै विषयमा निर्णय गर्दा मत बराबर भएको खण्डमा अप्ठेरो पर्न सक्ने त होइन भनी जिज्ञासा समेत राख्नु भयो। आदि।

**११) सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरूको जवाफ :**

शेयरधनी महानुभावहरुले आफ्नो कार्य व्यस्तताको वावजुद पनि कम्पनीको विशेष साधारण सभामा उपस्थिती भई सहभागिता जनाई व्यक्त गर्नु भएका शुभकामना, धारणा, राय सुझाव र जिज्ञाशा एवं प्रश्नहरुका लागि अध्यक्षले आभार व्यक्त गर्दै सभामा राखिएका जिज्ञाशा तथा प्रश्नहरुका सम्बन्धमा देहाय बमोजिम उत्तर दिनु भयो :
कम्पनीको स्वीकृत प्रबन्ध पत्र र नियमावलीका केहि प्रावधानहरु संशोधन गर्नु आवश्यक भएकोले संशोधन गर्ने सम्बन्धि विशेष प्रस्तावहरु पारित गर्ने प्रयोजनका लागि आयोजना गरिएको विशेष साधारण सभामा यहाँहरुबाट व्यक्त भएका राय सुझावहरुलाई कम्पनीले मनन गरेको। संशोधन गर्नु पर्नाको कारणका सम्बन्धमा सम्लग्न ३ महले विवरणबाट थप स्पष्ट गरिएको जानकारी दिनुका साथै शेयरधनीहरुका सुझावहरु आउने दिनहरुमा कार्यान्वयन गर्ने जानकारी दिनु हुँदै संचालक संख्या घटाई ६ सदस्यीय कायम गर्दा कम्पनीलाई अझै प्रभावकारी र चुस्त रुपमा संचालन गर्नमा सहयोग पुग्ने विश्वास लिइएकोछ भन्नु भयो। साथै शिवम् सिमेन्ट्को संचालक समितिमा हालसम्म अल्पमत बहुमतबाट निर्णय गर्ने परम्परा नरहेको, संधै सर्व सम्मत रुपमा निर्णय गर्ने परिपाटी रहेको हुंदा अल्पमत बहुमतको अवस्था नआउने विश्वास दिलाउनु हुँदै संचालक समितिले प्रस्ताव गरेका संशोधन सम्बन्धि सबै विशेष प्रस्तावहरु सर्व सम्मतीबाट पारित गरिदिनु हुन पूनः अनुरोध गर्दै शेयरधनीहरुबाट प्राप्त भएका महत्वपूर्ण राय, सुझावलाई कार्यान्वयन गर्दै कम्पनीको हितमा उपयोग गरिनेछ भन्ने उत्तर समेत दिनु भयो।

**१२) विशेष साधारण सभाको निर्णयहरु :**

**विशेष प्रस्ताव :**

**(क) प्रबन्ध पत्र तर्फ :**

१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ६ को खण्ड (ग) लाई संशोधन गर्ने र खण्ड (घ) संशोधन गरी हटाउने सम्बन्धमा अध्यक्षज्यूले विशेष प्रस्ताव निर्णयका निमित्त प्रस्तुत गर्नु भएकोमा प्रबन्ध पत्रको दफा ६ को खण्ड (ग) मा देहाय अनुसार संशोधन कायम गर्ने र खण्ड (घ) को व्यवस्था संशोधनद्धारा हटाउने विशेष प्रस्ताव सर्व सम्मतीले निर्णय पारित गर्‍यो।

**दफा ६.**

(ग) यस कम्पनीको चुक्ता पूजी रु. ४,४०,००,००,०००। (चार अर्व चालिस करोड) हुनेछ।
(घ). ..... . . .. . ।

**(ख) नियमावली तर्फः**

१) कम्पनीको स्वीकृत नियमावलीको नियम नं. २३ गणपुरक संख्या कुल शेयर संख्याको ६७ प्रतिशत रहेकोलाई संशोधन गरी ५१ प्रतिशत कायम गर्ने सम्बन्धमा अध्यक्षज्यूबाट विशेष प्रस्ताव निर्णयका निमित्त प्रस्तुत गर्नु भएकोमा उपरोक्त नियममा देहाय अनुसारको संशोधन पारित गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले निर्णय पारित गर्‍यो।

**नियम नं. २३ : गणपुरक संख्याः**

बाँडफाँड भएको कुल शेयर संख्याको ५१ एकाउन्न प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ७ सात जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित नभई सभाको काम कारवाही प्रारम्भ हुने छैन।

२) कम्पनीको नियमावलीको नियम नं. २५ को उप नियम (५). संशोधन गरी विशेषज्ञ सञ्चालकको मनोनयन र अन्य संचालकहरुको निर्वाचन गर्ने सम्बन्धि व्यवस्था कायम गर्ने विषयमा सभा समक्ष अध्यक्षज्यूबाट विशेष प्रस्ताव निर्णयका निमित्त प्रस्तुत गर्नु भएकोमा देहाय अनुसार संशोधन पारित गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट निर्णय पारित गर्‍यो।

**नियम नं. २५**

**(५)** सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ संचालकको हकमा सञ्चालक समितिद्धारा मनोनयन गरिनेछ र अन्य सञ्चालकहरुको हकमा शेयरधनीहरुले मतदान प्रक्रियाद्धारा निर्वाचन र मनोनयन गरी सञ्चालक चयन गरिनेछ।

३) स्वीकृत नियमावलीको नियम नं. २७ को उप नियम (२) मा संचालक संख्या स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक सहित ७ सात जनाको हुनेछ भन्ने व्यवस्थालाई संशोधन गरी व्यवसायिक विशेषज्ञ सञ्चालक १ जना र शेयरधनीहरुबाट निर्वाचित वा मनोनित ५ जना सहित ६ जनाको सञ्चालक समिति हुनेछ भन्ने व्यवस्था कायम गर्ने सम्बन्धमा अध्यक्षज्यूबाट सभा समक्ष विशेष प्रस्ताव प्रस्तुत गर्नु भएकोमा देहाय बमोजिम संशोधन पारित गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले निर्णय पारित गर्‍यो।

**नियम नं. २७**

**(२)** यस कम्पनीमा शेयरधनीहरुको तर्फबाट निर्वाचित वा मनोनित सञ्चालक ५ (पाँच) जना र स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक १ (एक) जना गरी ६ (छ) सदस्यीय सञ्चालक समिति हुनेछ।

**४)** नियमावलीको नियम नं. २९ संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक १ जना सञ्चालक समितिले नियुक्त गर्नेछ भन्ने व्यवस्था संशोधनद्धारा कायम गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव प्रस्तुत गर्नु भएकोमा देहाय बमोजिम संशोधन पारित गर्ने सम्बन्धि विशेष प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय भयो।

नियम नं. २९ :व्यवसायिक सञ्चालकको नियुक्ति संख्या, कार्याकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धि व्यवस्था :
सञ्चालक समितिले व्यवसायिक विशेषज्ञको रुपमा सञ्चालक हुन योग्य भएको व्यक्तिहरु मध्येबाट १ एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक नियुक्त गर्नेछ।

**५)** नियमावलीको नियम नं. ३१ मा संशोधन गरी सञ्चालकहरुको निर्वाचन , मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरिनेछ भन्ने व्यवस्था कायम गर्ने सम्बन्धमा सभा समक्ष अध्यक्षज्यूले विशेष प्रस्ताव प्रस्तुत गर्नु भएकोमा देहाय बमोजिम संशोधन पारित गर्ने सम्बन्धि विशेष प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय भयो।

**नियम नं. ३१.** सञ्चालक नियुक्ति सम्बन्धि कुनै खास व्यवस्थाः
कम्पनीको सञ्चालक समितिमा सञ्चालकहरुको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरिनेछ।

**(ग) विविध।**

विविध विषयमा छलफल गर्दा यस विशेष साधारण सभाबाट पारित भएका प्रबन्ध पत्र र नियमावली संशोधन गर्ने सम्बन्धि विशेष प्रस्तावहरु उपरको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय समक्ष निवेदन गरी सम्बन्धित प्रबन्ध पत्र, नियमावलीका संशोधित व्यवस्था स्वीकृत गराउने सम्बन्धि आवश्यक सबै काम कुराहरु गर्नाका लागि कम्पनी सचिव श्री लेखनाथ अर्याललाई अख्तियारी दिने निर्णय पारित गर्‍यो।

**(१३) धन्यवाद ज्ञापन :**

अध्यक्षज्यूले कम्पनीको विशेष साधारण सभामा प्रस्तुत भएका सबै विशेष प्रस्तावहरु पारित गर्दै सभासम्पन्न गर्न सहयोग गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नु हुदै १२ : १५ बजे सभा विसर्जन गर्नु भयो।

**प्रमाणित गर्ने:**

| | |
|---|---|
| **कम्पनी सचिव** | **कार्यकारी अध्यक्ष** |
| (लेखनाथ अर्याल) | (सुरेन्द्र कुमार गोयल) |

मितिः २०७९।०५।१० गते।